# कार्यपालिका बैठकको निर्णय
(२०७७ आश्विन ३० गते)

**निर्णय नं. १ :** नेपालीहरुको महान पर्वको रुपमा रहेको विजया दशमी, दिपावली तथा छठ पर्व, २०७७ को अवसरमा सम्पूर्ण नगरवासीहरुमा सुख, शान्ती, र समृद्धिका लागि शुभकामना व्यक्त गर्नुका साथै हाल कोभिड-१९ बाट उत्पति यस विषम परिस्थितीमा पसल,मठ मन्दिर,सार्वजनिक स्थल लगायतका स्थानहरुमा अनावश्यक भिडभाड नर्गन हुन साथै आ-आफ्नो तर्फबाट सचेतता अपनाई कोभिड-१९ को संक्रमणलाई फैलन नदिन संपूर्ण नगरवासीहरुहरुमा अनुरोध/अपिल गर्ने ।

**निर्णय नं. २ :-** चालु आ.व. २०७७/०७८ का लागि संघीय सरकार सशर्त अनुदान तर्फ प्राप्त बजेट अर्न्तगत प्रदेश सरकार र स्थानीय सरकारको लागत साझेदारीमा देहाय बमोजिमको कार्यक्रम संचालनका लागि तपसिल बमोजिमका वडा छनौट गर्ने ।

तपसिल

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रम संचालनका लागि छनौट गरिएको वडा | कैफियत |
|---|---|---|---|
| १ | लागत साझेदारीमा गाई प्रबर्द्धन कार्यक्रम | १,२, ३,५,६, | |
| २ | लागत साझेदारीमा बंगुर प्रबर्द्धन कार्यक्रम | ३,४,५,६,७,८ | |
| ३ | मासुका लागि पाडा प्रबर्द्धन कार्यक्रम | १,८,९ | |

**निर्णय नं. ३ :-** यस नगरपालिकाको गत आ .ब २०७६ /२०७७ मा समानीकरण अनुदान तर्फ स्वीकृत भई संचालनमा रहेको ठेक्का नं. NCB/50/ROAD/2076/077 " नारायणपुर देखि वडा कार्यालय सम्म जाने बाटो कालोपत्रे निर्माण आयोजना,टिकापुर-६,कैलाली" को चालु आ.व. ०७७/०७८ मा गरिएको अ.ल्या.रकम फरक परेको सम्बन्धमा यस नगरपालिका कार्यपालिकाको कार्यालयको मिति २०७७/०६/१२ को निर्णयानुसार अपुग हुन जाने रकम रु.८,८२,५७२।६८ (आठ लाख, बयासी हजार , पाँच सय बहत्तर रुपैया , पैशा अठ्सठ्ठी) चालु आ.व.०७७/०७८ का लागि समपुरक रकम शिर्षकमा विनियोजित बजेटबाट भुक्तानी गर्ने ।

**निर्णय नं. ४ :-** हाल विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को संकमण बढ्दै गएको वर्तमान अवस्थामा टीकापुर नगरपालिकामा पनि संक्रमितहरु फेलापरिरहेको अवस्थामा कोभिड - १९ संकमण उपचार, रोकथाम र व्यवस्थापनका लागि चालु आ. व. २०७७/०७८ मा कोरोना भाईरस (कोभिड-१९) सम्बन्धि कार्यक्रम शिर्षकमा विनियोजित बजेटबाट हाल तपसिल बमोजिमको कार्यक्रम संचालन गर्ने ।

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

तपसिल :

| क.स. | आयोजना/कार्यक्रम/क्रिया कलाप | आयोजना/कार्यक्रम स्थल | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | टीकापुर अस्पताल अन्तर्गत आईसोलेशन वार्ड स्थापनाको दोस्रो किस्ता | टीकापुर न.पा | २,००,०००।- | सीटि हलमा स्थापना गरिएको आईशोलेसन वार्डका लागि भुक्तानीको अनुमोदन |
| २ | स्वाव संकलन केन्द्र निर्माण( लागत साझेदारी) | टीकापुर न.पा. वडा नं. १ (गेष्टहाउस रहेको परिसर) | ११३४६५।५० | ४० प्रतिशत नगरपालिका तथा UNDP को ६० प्रतिशत(Option builders pvt. Ltd. Dhangadhi लाइ भुक्तानी ) |
| ३ | ५ वेड अस्पतालको अस्पताल निर्माण । (संघिय सरकारबाट रु.१० लाख प्राप्त) | | | कार्यान्वयनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने । |

**निर्णय नं. ५** :-शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई, धनगढी, कैलालीको प.स २०७७/०७८, च.नं.३०८, मिति २०७७/०६/१४ को सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा प्राप्त पत्र अनुसार यस नगरपालिकाका लागि चालु आ.व. ०७७/०७८ मा सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ बमोजिम २९६ आवास इकाई संख्या रहेकोमा लाभग्राही छनौटका लागि सवै वडाहरुको वास्तविक तथ्यांक संकलन गरी त्यसको अनुपातमा वडाको लाभग्राही छनौट गर्ने गरी आवश्यक प्रक्रिया अगाडि बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. ६** :- स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (घ) को उपदफा ६ अनुसार चालु आ. व. ०७७/०७८ का लागि यस नगर क्षेत्र भित्र भएर बग्ने, नदी खोलाहरुबाट ढुंगा, गिट्टी, बालुवा, भरान, ग्राभेल आदी प्राकृतिक एंव खानीजन्य वस्तुमा प्राकृतिक श्रोत कर संकलन गर्ने कार्यका लागि संभावित क्षेत्रहरुको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयार गर्ने सम्बन्धमा परामर्श सेवा कार्यका लागि आवश्यक पर्ने TOR -Terms of Refernces) स्वीकृत गर्ने ।

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ७ :- यस टीकापुर नगरपालिका अर्न्तगत निर्माणाधिन अवस्थामा रहेका देहाय बमोजिमको सडक कालोपत्रे निर्माण आयोजनाको निर्माणाधिन स्थलमा रहेका विद्युतपोल सार्ने , Rechargable work (LT Line Shifting work) सम्बन्धमा टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको तपसिलमा उल्लेखित मितिको निर्णय अनुमोदन गर्ने ।

| क्र.सं. | आयोजनाको नाम | आयोजना स्थल | आवश्यक पर्ने लागत अनुमान | कैफियत |
|---|---|---|---|---|
| १ | सडक कालोपत्रे | वडा नं. ४ रामजानकी मन्दिर देखि जनप्रकाश आधारभूत विद्यालय हुँदै वडा नं. ६ जोड्ने सडक | ५४,८६२०१ (भ्याट सहित) | २०७७/०६/२६को कार्यपालिकाको कार्यालयको निर्णय |
| २ | सडक कालोपत्रे | वडा नं. ८, सूर्यपुर बाट बटनपुर हुँदै वडा कार्यालय जाने सडक | १,७२,३४६१९७ (भ्याट सहित) | २०७७/०६/२६को कार्यपालिकाको कार्यालयको निर्णय |

निर्णय नं. ८ :- यस नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न संस्थागत तथा सामुदायिक विद्यालयहरुले चालु शैक्षिक सत्र २०७७ मा नयाँ विद्यालय स्थापना तथा कक्षा थपका लागि अनुमती माग गरी निवेदन पेश गरेको र उक्त निवेदनहरुका सम्बन्धमा यस नगरपालिकाको सामाजिक विकास समितिको मिति २०७७/०६/१४ गतेको बैठकको निर्णयानुसार सिफारिस भए बमोजिम तपसिल बमोजिमका विद्यालयहरुलाई कक्षा थप तथा नयाँ स्थापनाका लागि अनुमति प्रदान गर्ने ।

तपसिल :

| क्र.स. | विद्यालयको नाम | थप गर्न चाहेको | विशिष्ठिकरण | कैफियत |
|---|---|---|---|---|
| १ | रिपब्लिक एकेडेमी टीकापुर | कक्षा ६ | | |
| २ | जीवन ज्योती एकेडेमी आम्वासा | कक्षा ४ | | |
| ३ | गणेश बाबा ई. बो टीकापुर | कक्षा ११ | | |
| ४ | कर्णाली प्रा. वि तोलिगाँउ | कक्षा २ | | |
| ५ | एस. भि. निकेतन | कक्षा २ | | |
| ६ | रेडरोज एकेडेमी टीकापुर | कक्षा ७ | | |
| ७ | लिटील स्टेट्स डे केयर | पुर्व प्रा वि | नयाँ | |
| ८ | एभरेष्ठ स्कुल टीकापुर | कक्षा १ | | |
| ९ | गार्डेन ई. बो. टीकापुर | कक्षा ८ | | |
| १० | त्रिपथ विद्या निकेतन टीकापुर | कक्षा ६ | | |
| ११ | हर्ष शिक्षा निकेतन टीकापुर | पुर्व प्रा वि | नयाँ | |
| १२ | नेपाल भु पु सैनिक ई बो टीकापुर | कक्षा ८ | | |
| १३ | आर एम ई बोर्डिङ टीकापुर | विज्ञान सहित कक्षा १२ | | |
| १४ | लाईफ भिजन एकेडेमि टीकापुर | कक्षा ४ | | |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ९ :-यस नगरपालिकाको नगर शिक्षा ऐन, २०७६ को दफा १९ मा नगर शिक्षा समिति गठन सम्बन्धमा व्यवस्था रहेको र उक्त दफाको बुँदा नं १(ङ) सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट नगरपालिकाले मनोनित गरेको एक जना महिला सहित तीन जना सदस्य रहने व्यवस्था भएकोमा यस नगर कार्यपालिकाको मिति २०७७ भाद्र १९ गतेको बैठकको (नि.न. ५)निर्णयबाट २ जना सदस्य मनोनयन गरेकोमा थप १ जना सदस्यको हकमा मेरीगोल्ड विद्यामन्दिर, टीकापुर, कैलालीका प्र.अ श्री देनकला बिष्ट लाई मनोनयन गर्ने ।

निर्णय नं. १० :- टीकापुर नगरपालिका क्षेत्र भित्र रहेका संभावित स्थानहरुलाई धार्मिक, सांस्कृतिक पर्यटकीय क्षेत्रका रुपमा विस्तार गर्न माघी मेला २०७६ को अवसर पारी स्थानीय क्षेत्र कर्णालेश्वर शिव मन्दिरमा शिवको मूर्ति सहित माघी मेला कार्यक्रम संचालन गरिएको र उक्त कार्यक्रम संचालनमा भएको खर्चको सम्बन्धमा २०७७/०३/०६ को निर्णय नं. ७ बाट विभिन्न दिवस सभा समारोहहरु उत्सव र स्थानीय संस्कृति प्रबर्द्धन कार्यक्रम शिर्षकमा विनियोजित बजेटबाट जम्मा रु .३,५०,०००।- (तीन लाख , पचास हजार मात्र) कर्णालेश्वर शिव मन्दिरमा शिवको मूर्ति सहित माघी मेला कार्यक्रम टी.न.पा ५ मा विनियोजन गरिएकोमा उक्त कार्यक्रममा भएको जम्मा खर्च मध्ये ७,१७,२४२ (सात लाख, सत्र हजार, दुई सय बयालिस )बाट बाँकि हुन आउने रकम रु.३,६७,२४२ (तीन लाख, सैसठ्ठी हजार,दुई सय बयालिस) दायित्व सिर्जना हुन आएकोमा उक्त रकम चालु आ. व. ०७७/०७८ का लागि भैपरि चालु खर्च शिर्षकबाट विनियोजन गर्ने ।

निर्णय नं.११ :- ईलाका प्रहरी कार्यालय,टीकापुर, कैलालीको प.सं.२०७७/०७८, च.नं.१६४, मिति २०७७/०६/२९ गतेको पत्र बाट कोभिड-१९ को महामारीको रोकथाम एवं नियन्त्रणका लागि लागु गरिएको बन्दाबन्दिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न र टीकापुर नगरपालिका अन्तर्गतका विभिन्न वडामा शान्ति सुरक्षा मजबुत बनाई राख्न खटिने क्रममा प्रयोग गरिएको कार्यालयको से. १ भ ९७०३ नं.को टाटा जीप विग्रेको अवस्थामा मर्मत गरिएकोमा उक्त मर्मत कार्यमा भएको खर्च भुक्तानी गरी दिनुहुन भनि यस नगरपालिकामा अनुरोध भई आएकोमा उक्त गाडि मर्मतमा भएको खर्च रु.२,७०,०००। (दुई लाख, सत्तरी हजार-भ्याट सहित) यस नगरपालिकाको आ.व. ०७७/०७८ का लागि सवारी साधन मर्मत शिर्षकमा विनियोजित बजेट शिर्षकबाट उपलब्ध गराउने ।

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १२ :-चालु आ.व. ०७७/०७८ का लागि यस नगरपालिकाको विशेष अनुदान कार्यक्रम अन्तर्गत स्वीकृत आवास कार्यक्रम तर्फ वडा समितिको बैठकबाट सिफारिस भए बमोजिम तपसिल बमोजिमका घर परिवारहरुका आवास निर्माण गर्ने ।

तपशिल :

| सि.नं. | आवास निर्माणका लागि छनौट भएका परिवारको सदस्यको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | जंग बहादुर थारु | टीकापुर नगरपालिका वडा नं. ,१ शक्तिनगर | १ नं.वडा समितिका मिति २०७७ असोज २८ गतेको निर्णयबाट सिफारिस भए बमोजिम (प्राथमिकतामा परेका क्र.स.१ देखि ७ सम्मका परिवारहरु) |
| २ | कल्लु थारु | | |
| ३ | चौधिया थरुनी | | |
| ४ | कृष्णी देवी थरुनी | | |
| ५ | दुखराम थारु | | |
| ६ | दुर्गा प्रसाद चौधरी | | |
| ७ | रंगीलाल थारु | | |
| ८ | अमृता बादी | वडा नं.८, वडा कार्यालय नजिक रहेको दलित बस्ती | ८ नं.वडा समितिका मिति २०७७ असोज २९ गतेको निर्णयबाट सिफारिस भए बमोजिम |
| ९ | पवित्रा बादी | | |
| १० | दिपक बादी | | |
| ११ | सेतु सार्की | | |
| १२ | लिला देवी ढोली | | |
| १३ | दिपा देवी दमाई | | |
| १४ | चन्द्रभाने ढोली | | |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत